# धनपालथान गाउँपालिका, मोरङ

# श्री सरस्वती पब्लिक क्याम्पस, दादरबैरियामा BCA अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यविधि, २०८३

स्वीकृत मितिः२०८३/०२/२८

प्रमाणीकरण मितिः२०८३/०२/२९

[illegible] प्रसाद [illegible]

अध्यक्ष

CamScanner

जिवछ प्रसाद मजुमदार
अध्यक्ष

# धनपालथान गाउँपालिका, मोरङ

## श्री सरस्वती पब्लिक क्याम्पस, दादरबैरियामा BCA अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यविधि, २०८३

**प्रस्तावनाः** धनपालथान गाउँपालिका क्षेत्रभित्र रहेको एकमात्र BCA कार्यक्रम सञ्चालनरत शैक्षिक संस्था श्री सरस्वती पब्लिक क्याम्पस मा अध्ययनरत गाउँपालिकाका स्थायी बासिन्दा विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने, सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने तथा आर्थिक भार न्यूनीकरण गर्ने उद्देश्यले आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट छात्रवृत्ति उपलब्ध गराउन धनपालथानको गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७५ को दफा ६२ तथा प्रचलित कानुन बमोजिम यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

### परिच्छेद–१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "श्री सरस्वती पब्लिक क्याम्पसमा BCA अध्ययनरत विद्यार्थी छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः**

यस कार्यविधिमा, विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा–

(क) "गाउँपालिका" भन्नाले धनपालथान गाउँपालिका सम्झनुपर्छ।

(ख) "क्याम्पस" भन्नाले श्री सरस्वती पब्लिक क्याम्पस सम्झनुपर्छ।

(ग) "विद्यार्थी" भन्नाले धनपालथान गाउँपालिकाको स्थायी बासिन्दा भई उक्त क्याम्पसको BCA कार्यक्रममा अध्ययनरत विद्यार्थी सम्झनुपर्छ।

(घ) "छात्रवृत्ति" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने आर्थिक सहायता रकम सम्झनुपर्छ।

जिवछ प्रसाद मजुमदार
अध्यक्ष

CamScanner

जिवछ प्रसाद गच्छदार
अध्यक्ष

(ङ) "वार्षिक शुल्क" भन्नाले सम्बन्धित शैक्षिक वर्षका लागि क्याम्पसले निर्धारण गरेको अध्ययन शुल्क (Tuition Fee) सम्झनुपर्छ।

## परिच्छेद–२

### उद्देश्यः

**३. उद्देश्यः**

यस कार्यक्रमका उद्देश्य देहाय बमोजिम हुनेछन्–

(क) सूचना प्रविधि शिक्षामा विद्यार्थीको पहुँच वृद्धि गर्ने।

(ख) गाउँपालिकाका विद्यार्थीलाई BCA अध्ययनमा प्रोत्साहित गर्ने।

(ग) आर्थिक रूपमा सहयोग आवश्यक भएका विद्यार्थीलाई राहत उपलब्ध गराउने।

(घ) गाउँपालिकामा दक्ष सूचना प्रविधि जनशक्ति उत्पादनमा सहयोग गर्ने।

## परिच्छेद–३

### छात्रवृत्ति प्राप्त गर्ने योग्यताः

**४. योग्यताः**

देहायका विद्यार्थी छात्रवृत्ति प्राप्त गर्न योग्य हुनेछन्–

(क) धनपालथान गाउँपालिकाको स्थायी बासिन्दा भएको।

(ख) श्री सरस्वती पब्लिक क्याम्पसको BCA कार्यक्रममा अध्ययनरत भएको।

(ग) सम्बन्धित शैक्षिक वर्षमा नियमित रूपमा भर्ना भएको।

(घ) यस कार्यविधि बमोजिम आवेदन पेश गरेको।

**५. अयोग्यताः**

देहायका विद्यार्थी छात्रवृत्तिका लागि योग्य हुने छैनन्–

(क) गलत विवरण वा नक्कली कागजात पेश गर्ने।

जिवछ प्रसाद गच्छदार
अध्यक्ष

(ख) अध्ययन परित्याग गरेको वा नाम कटाइसकेको।

(ग) सोही शुल्कको लागि अन्य निकायबाट पूर्ण छात्रवृत्ति प्राप्त गरेको।

## परिच्छेद–४

## आवेदन तथा सिफारिस प्रक्रिया

**६. सार्वजनिक सूचनाः**

(१) गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा आवेदन माग सम्बन्धी सूचना प्रकाशित गर्नेछ।

(२) सूचना गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा क्याम्पसमार्फत सार्वजनिक गरिनेछ।

**७. आवश्यक कागजातः**

विद्यार्थीले देहायका कागजात सहित आवेदन दिनुपर्नेछ–

१. अनुसूची–१ बमोजिमको आवेदन फाराम।

२. नेपाली नागरिकताको प्रतिलिपि (१८ वर्ष नपुगेकाको हकमा जन्मदर्ता प्रमाणपत्र)।

३. सम्बन्धित वडाको सिफारिस।

४. BCA अध्ययनरत रहेको क्याम्पसको सिफारिस।

५. चालु शैक्षिक वर्षको भर्ना प्रमाणपत्र।

**८. आवेदन पेश गर्ने प्रक्रियाः**

(१) विद्यार्थीले आवश्यक कागजात सहित सम्बन्धित क्याम्पसमा आवेदन पेश गर्नेछ।

(२) सम्वन्धित क्याम्पसले एकमुष्ट विवरण दर्ता गरी निज क्यामपसमा भर्ना भई निरन्तर अध्ययनरत रहेको, शुल्क संरचना र निजले हालसम्म बुझाएको शुल्क सहितको सिफारिश गाँउपालिकामा पेश गर्नेछ।

(३) शिक्षा शाखाले प्राप्त आवेदन दर्ता गरी अभिलेख राख्नेछ।

## परिच्छेद–५

जिवध प्रसाद गच्छदार
अध्यक्ष

जिवछ प्रसाद गच्छदार
अध्यक्ष

छनोट तथा वितरण

९. छात्रवृत्ति सिफारिस समितिः

देहाय बमोजिम समिति रहनेछ-

१. शिक्षा शाखा प्रमुख - संयोजक

२. प्रशासन शाखा प्रमुख – सदस्य

३. लेखा शाखा प्रमुख – सदस्य

५. क्याम्पस प्रमुख वा प्रतिनिधि – सदस्य

६. शिक्षा शाखाको कर्मचारी – सदस्य सचिव

१०. सिफारिस तथा स्वीकृतिः

(१) समितिले प्राप्त आवेदन परीक्षण गरी योग्य विद्यार्थीको नामावली तयार गर्नेछ।

(२) नामावली स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पेश गरिनेछ।

(३) कार्यपालिकाको निर्णयपछि छात्रवृत्ति वितरण गरिनेछ।

११. छात्रवृत्ति रकमः

(१) प्रत्येक योग्य विद्यार्थीलाई क्याम्पसले निर्धारण गरेको वार्षिक अध्ययन शुल्कको अधिकतम ५० प्रतिशतसम्म छात्रवृत्ति प्रदान गरिनेछ।

(२) विनियोजित बजेटले नपुग्ने अवस्थामा सबै योग्य विद्यार्थीलाई उपलब्ध बजेटको आधारमा समानुपातिक रूपमा वितरण गर्न सकिनेछ।

१२. भुक्तानीः

छात्रवृत्ति वापतको रकम गाउँपालिकाले सिधै क्याम्पसको खातामा भुक्तानी गर्न सक्नेछ।

## परिच्छेद–६

## विविध

जिवछ प्रसाद गच्छदार
अध्यक्ष

जिवछ प्रसाद गच्छदार
अध्यक्ष

१३. अनुगमनः

धनपालथान गाँउपालिका र शिक्षा शाखाले कार्यक्रमको अनुगमन तथा अभिलेखीकरण गर्नेछ।

१४. असुल उपरः

१. झुट्टा विवरण पेश गरी प्राप्त गरेको छात्रवृत्ति रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

२. काबु बाहिरको परिस्थिति बाहेक अध्ययन पूरा नगरी बीचैमा छोड्ने विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति वापतको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

१५. बाधा अड्काउ फुकाउनेः

कार्यविधि कार्यान्वयनमा समस्या आएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

१६. संशोधनः

यस कार्यविधिमा आवश्यक संशोधन गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

जिवछ प्रसाद गच्छदार
अध्यक्ष

CamScanner

अनुसूची–१

## छात्रवृत्ति आवेदन फाराम

### श्री सरस्वती पब्लिक क्याम्पसमा BCA अध्ययनरत विद्यार्थी छात्रवृत्ति कार्यक्रम

श्रीमान् क्याम्पस प्रमुखज्यू मार्फत
प्रमुख प्रशासकीय अधिकृतज्यू
धनपालथान गाउँपालिका, मोरङ।

विषयः छात्रवृत्ति उपलब्ध गराइ पाऊँ।

म देहाय बमोजिमको विद्यार्थी यस गाउँपालिकाद्वारा सञ्चालित BCA छात्रवृत्ति कार्यक्रममा सहभागी हुन इच्छुक भएकाले आवश्यक कागजात सहित यो आवेदन पेश गरेको छु।

**व्यक्तिगत विवरण**

१. नाम थर : .......................................

२. ठेगाना : वडा नं. .........

३. नागरिकता नं. : ............................

४. मोबाइल नं. : ............................

५. बाबुको नाम : ............................

६. आमाको नाम : ............................

**शैक्षिक विवरण**

१. क्याम्पसको नाम : श्री सरस्वती पब्लिक क्याम्पस

२. कार्यक्रम : BCA

३. सेमेस्टर/वर्ष : ......................

४. भर्ना मिति : ......................

जिवछ प्रसाद गच्छदार
अध्यक्ष

५. वार्षिक शुल्क : रु. ................

६. हालसम्म बुझाएको शुल्क : रु. ................

संलग्न कागजात

☐ नागरिकता/जन्मदर्ता

☐ वडा सिफारिस

☐ भर्ना प्रमाणपत्र

☐ अन्य

माथि उल्लेखित विवरण सत्य रहेको व्यहोरा प्रमाणित गर्दछु।

आवेदकको हस्ताक्षर : ____________

मिति : ____________

जिवछ प्रसाद गच्छदार
अध्यक्ष

अनुसूची–२

## वडा कार्यालयको सिफारिस

मिति: ............

पत्र संख्या: ............

यस कार्यालयबाट प्रमाणित गरिन्छ कि श्री/सुश्री ................................, धनपालथान गाउँपालिका वडा नं. ......... का स्थायी बासिन्दा हुनुहुन्छ र निजले श्री सरस्वती पब्लिक क्याम्पसमा BCA अध्ययन गरिरहेको जानकारी प्राप्त भएकोले छात्रवृत्ति कार्यक्रमका लागि सिफारिस गरिएको छ।

अध्यक्ष

वडा

नाम : ...........................

हस्ताक्षर : .........................

कार्यालयको छाप

जिवछ प्रसाद गच्छदार
अध्यक्ष

अनुसूची-३

धनपालथान गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मोरङ

## छात्रवृत्ति आवेदन माग सम्बन्धी सूचना

आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार धनपालथान गाउँपालिका क्षेत्रभित्रका स्थायी बासिन्दा भई श्री सरस्वती पब्लिक क्याम्पस मा BCA मा अध्ययनरत विद्यार्थीहरूलाई क्याम्पसले निर्धारण गरेको वार्षिक अध्ययन शुल्कको अधिकतम ५० प्रतिशतसम्म छात्रवृत्ति उपलब्ध गराइने भएकोले इच्छुक विद्यार्थीहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित वडा कार्यालयमार्फत आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।

आवश्यक कागजात

१. आवेदन फाराम

२. नागरिकता वा जन्मदर्ताको प्रतिलिपि

३. वडा सिफारिस

४. भर्ना प्रमाणपत्र

थप जानकारीका लागि:

श्री सरस्वती पब्लिक क्याम्पस तथा शिक्षा, युवा तथा खेलकुद शाखा

धनपालथान गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत